# उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव

स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्ष शैक्षिक योजना
तथा व्यवस्थापन  विषयको आंशिक आवश्यकता
परिपूर्तिका लागि त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना
तथा व्यवस्थापन विभागमा
प्रस्तुत

शोधपत्र

बाबुकाजी थापा
त्रि.वि. दर्ता नं. १४६३९- ९०
परीक्षा रोल नं. २१४०००५/२०६४
क्याम्पस रोल नं. : २०३/०६२/०६३
शैक्षिक वर्ष : २०६२/०६३

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ

माघ, २०६८

विषयः–सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस,इन्द्रपुर मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नात्तकोत्तर तह (एम.एड.) दोश्रो वर्षमा अध्ययन गर्ने छात्र बाबुकाजी थापाले **"उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव"** शीर्षकमा प्रस्तुत गरेको शोध पत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार गर्नु भएको हो । निर्दिष्ट शोधढाँचामा तयार गरिएको उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई शोधपत्र मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिस गर्दछु ।

..........................

मिति २०६८/११/६

लक्ष्मी कुमार श्रेष्ठ

शोधनिर्देशक

बिषय : स्वीकृति पत्र ।

तपसिलका हामी हस्ताक्षर कर्ताहरूले स्नातकोत्तर शिक्षा उपाधि निमित्त पूर्वावश्यक आंशिक आवश्यकताहरूको परिपूर्तिको निमित्त श्री बाबुकाजी थापाले प्रस्तुत गरेको **"उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव"** शीर्षकको शोधपत्र पढेका छौँ र स्वीकृति हेतु सिफारिसका साथ शिक्षाशास्त्र संकायमा पेश गरेका छौँ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | शिक्षकहरूको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख एवं शोधनिर्देशक | |
| २. | गणेशप्रसाद दाहाल | सदस्य | |
| ३. | प्रा.डा.वासुदेव काफ्ले | बाह्य परिक्षक | |

मिति२०६८/११/६

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र तयार गर्नका लागि शिक्षाशास्त्र संकाय अन्तरगतको शैक्षिक योजना तथा व्यवस्थापन विभागले “उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव” विषयमा शोधपत्र तयार गर्ने स्वीकृति दिएर मेरो आन्तरिक चाहनालाई प्रोत्साहित गरेकोमा सम्बन्धित विभाग र विभागमा कार्यरत श्रद्धेय गुरूहरू प्रति आभारी छु र हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोध निर्देशक श्रद्धेय गुरू श्री लक्ष्मीकुमार श्रेष्ठ जसले व्यस्तताको बावजुद पनि समय दिएर आफ्नो लामो शैक्षिक जीवनको अध्ययन अनुसन्धानबाट प्राप्त परिष्कृत विचार र बौद्धिकताद्वारा प्रस्तुत शोधपत्रलाई खँदिलो बनाउन पथ प्रदर्शन गर्नुभयो, यसका लागि उहाँलाई  विनम्रता पूर्वक हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै शोध प्रस्ताव स्वीकृत गर्ने देखि लिएर शोधपत्रको स्वीकृत गर्नेसम्मको कार्यमा संलग्न भई आवश्यक सल्लाह सुझाव प्रदान गर्नु हुने विभागीय प्रमुख श्रद्धेय गुरु लक्ष्मीकुमार श्रेष्ठ प्रति कृतज्ञ छु ।

यो शोध कार्यका लागि अर्न्तवार्ताका माध्यमबाट तर्क, विचार र तथ्याङ्क उपलब्ध गराउनु हुने ओखलढुङ्गा जिल्लाका विद्यालय निरीक्षक, स्रोतव्यक्ति साथीहरु, अभिभावकज्यूहरू, सोधिएका प्रश्नको लिखित जवाफ दिएर तथ्याङ्क उपलब्ध गराउने विद्यालयका प्रधानाध्यापकज्यूहरू तथा शिक्षक शिक्षिकाज्यूहरू प्रति धन्यवाद टक्रयाउन चाहान्छु । अध्ययनको सिलसिलामा राय, सल्लाह, सुझाव, समय उपलव्ध गराई भरमग्दुर सहयोग गर्ने ओखलढुङ्गा जिल्लाका तत्कालिन जिल्ला शिक्षा अधिकारी श्री योगेन्द्रप्रसाद बरालज्यू ,हालका जिल्ला शिक्षा अधिकारी श्री शुकदेव सापकोटाज्यू लगायत मेरा प्रेरणाका श्रोत श्रद्धेय दाई तिर्थराज थापा लगायत जि.शि.का का मेरा सम्पूर्ण मित्रहरू,कम्प्युटर कार्यमा पूर्ण सहयोग पुर्‍याउने मेरा भाञ्जा मेघराज बस्नेत, मेरा आफन्तजन, श्रीमती मन्दिरा थापा लगायत छोराहरु समेतमा धन्यवाद टक्रयाउन चाहन्छु ।

अन्त्यमा यो शोधपत्रलाई आवश्यक मूल्याङ्कन गर्नका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग,सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङमा पेश गर्दछु ।

बाबुकाजी थापा

अध्ययनकर्ता

# शोधसार

यो "उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव" शीर्षकमा गरिएको शोधकार्यले राखेका मुख्य उद्देश्य उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्नु रहेको छ ।

यस अध्ययनमा परिमाणात्मक गुणात्मक दुवै मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा जनसंख्याको रुपमा ओखलढुङ्गा जिल्ला खानिभञ्ज्याङ्ग स्रोत केन्द्रका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई लिईएको छ । अध्ययनको नमूनाको रुपमा खानिभञ्ज्याङ्ग स्रोतकेन्द्रका प्रा.वि., नि.मा.वि.र मा.वि.का तिनजना प्र.अ., सोही विद्यालयका ६ जना शिक्षकहरू, १२ जना विद्यार्थीहरू र तिनै विद्यार्थीका ६ जना अभिभावकहरूलाई लिइएको छ भने अध्ययनमा खानिभञ्ज्याङ्ग स्रोतकेन्द्रका ५ वटा गा.वि.स. मध्ये उद्देश्यमूलक विधिबाट पोखरे गा.वि.स., उद्देश्यमूलक विधिबाट ३ विद्यालय, ३ प्र.अ. र नमूना छनौट विधिबाट ६ जना शिक्षक र सम्भावनायुक्त नमूना छनौट विधिबाट १२ जना विद्यार्थी र ६ जना अभिभावक छनौट गरिएको छ ।

ओखलढुङ्गा जिल्लामा गर्न खोजिएको यस अध्ययनका लागि भौतिक सुविधा सम्पन्न र विपन्न, शिक्षक दरवन्दी कक्षा अनुसार भएका र नभएका, माध्यमिक तह समेत भएका र नभएका, व्यवस्थापन समिति शिक्षा नियमावली बामोजिम योग्यता पुगेका र नपुगेका, अभिभावकको चेतनास्तर उक्सेका र नउक्सेका सबै पक्षलाई मध्यनजर गरी साथै भौगोलिक सुगमता, जातिय विविधता, आर्थिक मितव्ययिताका साथै विश्वासनिय र वैद्य सूचना प्राप्त गर्न सकिने हुनाले ओखलढुङ्गा जिल्लाको खानिभञ्ज्याङ्ग स्रोतकेन्द्रको पोखरे गा.वि.स. का ५ वटा प्राथमिक विद्यालय छनौट गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको छ ।

अध्ययनमा विद्यार्थीको उपलब्धि हेर्न तथ्याङ्क सर्वेक्षण फारम, शिक्षकको धारणा हेर्ने Attitude scale, प्रधानाध्यापक तथा अभिभावकको धारणा बुझ्न अर्न्तवार्ता सूचीलाई तथ्याङ्क संकलनका साधनको रुपमा प्रयोग गरी प्राप्त तथ्याङ्कलाई मध्यमान् र प्रतिशतका आधारमा व्याख्या विश्लेषण गर्ने काम गरिएको छ ।

यस अध्ययनबाट उदार कक्षोन्नतीलाई व्यवहारीक रुपमा कार्यान्वयन गराउन नसकिएको, उदार कक्षोन्नतीका बारेमा शिक्षकहरू प्रष्ट हुन नसकेको, उदार कक्षोन्नतीले विद्यार्थीमा विद्यालय छाडने,

कक्षा दोहोऱ्याउने दरमा कमी आएको, विद्यार्थीमा सिर्जनात्मकता बढाएको र विद्यार्थीमा नियमित विद्यालय जाने बानीको विकास गराएको जस्ता मुख्य प्राप्तिहरु अनुसन्धानका क्रममा पाईएका छन ।

अध्ययनको अन्त्यमा उदार कक्षोन्नती सम्बन्धी दीर्घकालिन सोच राखी नीति निर्माण गर्नुपर्ने, निजी र सरकारी सबै विद्यालयमा उदार कक्षोन्नतीको नीति लागु गर्नुपर्ने, उदार कक्षोन्नती सम्बन्धमा विद्यालय र स्रोतकेन्द्रस्तरमा गहन रुपमा तालिम कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, उदार कक्षोन्नती कार्यक्रमका सकारात्मक पक्षका बारेमा अभिभावक, शिक्षक र विद्यार्थीलाई प्रष्ट पार्नु पर्ने, विद्यालय व्यवस्थापन समिति र स्रोतकेन्द्रबाट प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी दण्ड र पुरस्कारको समेत व्यवस्था गर्ने, कार्यसञ्चयिकाको निर्माण र प्रयोग गर्न शिक्षकको नेतृत्वमा अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र विद्यार्थी समेतको समन्वय र सहकार्यको वातावरण तयार गर्नुपर्ने, उदार कक्षोन्नती सम्बन्धी रहेका अन्यौलताहरुलाई हटाउन अभिमुखीकरण तालिम सञ्चालन गर्नुपर्ने, स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई विशुद्ध शैक्षिक परामर्शकर्ता र सहजकर्ताका रुपमा खटाउनुपर्ने र विद्यालय व्यवस्थापन समिति वास्तविक अभिभावकबाट छानिएको हुनुपर्ने जस्ता मुख्य सुझावहरु प्रस्तुत गरिएको छ ।

# विषय सूची


सिफारीस पत्र

स्वीकृतिपत्र

प्राक्कथन

शोधसार

बिषयसूची

तालिका सूची

संक्षिप्त शव्दावली


## परिच्छेद एक : परिचय


१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ५

१.३. अध्ययनको औचित्य ६

१.४. अध्ययनको उद्देश्य ७

१.५. अनुसन्धानात्मक प्रश्नहरु ७

१.६. अध्ययनको परिसिमा ८

१.७. प्राविधिक शव्दावलीहरु ९


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२. अध्ययनको सैद्धान्तिक खाका १४

२.३ .पुनरावलोकनको उपादेयता १७


## परिच्छेद तीन : अध्ययन विधि


३.१. अनुसन्धानात्मक ढाँचा १८

३.२. जनसङ्ख्या १८
३.३. नमूनाको आकार र नमूना छनौट विधि १८
३.४. नमूना छनौटको आधार १९
३.५. अनुसन्धानका साधन १९
३.६. तथ्याङ्कको श्रोत १९
३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया २०
३.८. तथ्याङ्कको विश्लेषण प्रक्रिया २०

## परिच्छेद चार : तथ्याङ्कको व्याख्या, विश्लेषण

४.१. उदार कक्षोन्नती कार्यान्वयनको अवस्था २१
४.१.१. निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग २२
४.१.२. उदार कक्षोन्नतीको लागि कार्यसञ्चयिकाको प्रयोग २३
४.१.३. सिकाइ उपलब्धि वृद्धिका लागि प्रयोग गरिएका उपायहरु २३
४.१.४. विद्यार्थीको श्रेणी विभाजन र कक्षोन्नतीको अवस्था २४
४.१.५. उदार कक्षोन्नतीका आधार र मापदण्डको प्रयोग २५
४.२. उदार कक्षोन्नती र सिकाइ उपलब्धि २८
४.२.१. कक्षा १–३ को विद्यार्थी २८
४.२.२. विगत तिन वर्षमा कक्षा दोहोऱ्याउने विद्यार्थी २९
४.२.३. विगत तिन वर्षमा कक्षा छाड्ने विद्यार्थी २९
४.२.४. विगत तिन वर्षमा कक्षा उतिर्ण विद्यार्थी ३०
४.२.५. बालमैत्री विद्यालय कार्यक्रमसँग सिकाइ उपलब्धि ३१
४.२.६ कक्षागत र विषयगत सिकाइ उपलब्धि ३३
४.३. उदार कक्षोन्नतीका समस्याहरु ३६
४.३.१. विद्यार्थी सङ्ख्या ३६
४.३.२ .शिक्षक र दक्षता ३७
४.३.३ शिक्षक विद्यार्थी अनुपात ३८

४.३.४ विद्यालय अभिभावक सम्बन्ध ३८
४.३.५. अभिभावकको आर्थिक अवस्था ४०
४.३.६. शिक्षकका कठिनाई ४०
४.३.७ अनुगमन ४२
४.४. उदार कक्षोन्नती प्रणालीलाइ प्रभावकारी बनाउने उपायहरु ४३
४.४.१. शिक्षक र दक्षता ४३
४.४.२. शिक्षक विद्यार्थी अनुपात ४४
४.४.३. विद्यालय अभिभावक सम्बन्ध ४५
४.४.४. कार्यसञ्चयिका प्रयोग ४५
४.४.५. शिक्षकका समस्या ४५
४.४.६ तालिमको कार्यान्वयन ४६
४.४.७. अनुगमन निरीक्षण ४६

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१. अध्ययनको प्राप्तिहरू ४७
५.२. अध्ययनको निष्कर्ष ५१
५.३. अध्ययनको सुझावहरू ५३
सन्दर्भ ग्रन्थसूची
अनुसूचीहरु

# तालिका सूची


तालिका १ : नमूना विद्यालयको आकार १९

तालिका २ : पाठ्यक्रमले तोकेको मापदण्ड प्रयोगको अवस्था २२

तालिका ३ : मूल्याङ्कनमा कार्यसञ्चयिका प्रयोगको अवस्था २३

तालिका ४ : सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपायहरु २४

तालिका ५ : विद्यार्थीको श्रेणी विभाजन २५

तालिका ६ : कार्यसञ्चयिकामा समेटिनु पर्ने पक्षहरु २६

तालिका ७ : कक्षा उकास्ने मापदण्डको प्रयोग २७

तालिका ८ : कक्षा १–३ को विद्यार्थी विवरण २९

तालिका ९ : विगत तिन वर्षको कक्षा दोहोऱ्याउने दर (कक्षा १–३) ३०

तालिका १० : विगत तिन वर्षको कक्षा छाड्ने दर (कक्षा १–३) ३१

तालिका ११ विगत तिन वर्षको कक्षा उतिर्ण दर (कक्षा १–३) ३२

तालिका १२ : बालमैत्री विद्यालय कार्यक्रमका सूचकहरु ३३

तालिका १३ : कक्षागत र विषयगत सिकाइ उपलब्धि,२०६६,२०६७ र २०६८ ३४

तालिका १४ : कक्षाकोठामा विद्यार्थी सङ्ख्या ३७

तालिका १५ : प्राथमिक तहमा शिक्षक सङ्ख्या र तालिम प्राप्त शिक्षक ३८

तालिका १६ : शिक्षक विद्यार्थी अनुपात ३९

तालिका १७ : प्रगती विवरण ४०

तालिका १८ : सामाजिक व्यवहार ४०

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति |
| वि.नि. | : विद्यालय निरीक्षक |
| प्र.अ. | : प्रधानाध्यापक |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| नि.मा.वि. | : निम्न माध्यामिक विद्यालय |
| मा.वि. | : माध्यामिक विद्यालय |
| पा.वि.के. | : पाठ्यक्रम विकास केन्द्र |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यालय |
| वि.सं. | : विक्रम संवत |
| CAS | : Continuous Assessment System |
| गा.वि.स. | : गाउँ विकास समिति |
| क.सं. | : क्रम सङ्ख्या |
| शै.स. | : शैक्षिक सत्र |
| M.Ed. | : Master's Degree |
| आ.प्रा.शि.प. | : आधारभूत तथा प्राथमिक शिक्षा परियोजना |